मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ४५ किलो चरेससहित दुईजना पक्राउ

हेटौंडा, १६ फागुन/जिल्ला प्रहरी कार्यालय मकवानपुरले भैंसेबाट प्रतिबन्धित लागूऔषध चरेस ४५ किलोसहित दुईजनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले थाहा नगरपालिका-८ आग्रा बस्ने ३० वर्षीय बिमल स्याङतान र भीमफेदी गाउँपालिका-१ किटेनी बस्ने ३२ वर्षीय नवराज तामाङलाई पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय भीमफेदी र प्रहरीचौकी भैंसे मकवानपुरबाट खटिएको प्रहरी टोलीले पालुङबाट हेटौंडातर्फ आउदै गरेको ना.४ ख ६०९१ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनीहरुलाई लागूऔषधसहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । तामाङ र स्याङतानलाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद लिई थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# समस्या सुल्झाउन संसदीय विशेष समिति गठनमा प्रारम्भिक सहमति

निशा गुरुङ

हेटौंडा, १६ फागुन/ बागमती प्रदेशमा बजेटको विषयलाई लिएर भइरहेको समस्या सुल्झाउन दलहरुबीच संसदीय विशेष समिति गठनमा प्रारम्भिक सहमति जुटेको छ ।

चालू आर्थिक वर्ष २०८१/८१ को बजेटमा विपक्षीका छुटेको योजना समेट्ने लिखित सहमति कार्यान्वयनको विषयमा सर कार र प्रतिपक्ष दल नेकपा एमाले र राप्रपाबीच विगत ७ महिनादेखि अन्तरसंघर्ष जारी छ । बुधवारबाट सरकार र प्रतिपक्षीबीच जारी विवाद समाधान उन्मुख देखिएको छ । सहमति कार्यान्वयनका सम्बन्धमा सरकार र प्रतिपक्षको आ-आफ्नै अडानले प्रदेशसभा बैठकको नियमित्ततामा शंका उत्पन्न भइरहेका बेला संसदीय विशेष समिति बनाएर जान दुवैपक्ष सकारात्मक देखिएका छन् ।

सरकार र प्रतिपक्षबीच भएको सहमति कार्यान्वयनमा सहजीकरण र सुझावका लागि संसदीय विशेष समिति गठनको तयारी गरिएको छ । सार्वजनिक सरोकार, अनियमितताका विषय, महत्वपूर्ण विषयमा अध्ययन, छानबीन र कारबाही सिफारिसका लागि संवैधानिक व्यवस्थाअनुसार संसदीय विशेष समिति गठन गर्ने गरिन्छ । सदनमा



प्रतिनिधित्व गर्ने सबै दलका प्रतिनिधि सदस्य रहने समितिले तोकिएको निश्चित समयभित्र सम्बन्धित विषयमा अध्ययन गरिएको सुझावसहितको प्रतिवेदन सभामुखलाई पेश गर्ने गर्दछ । प्रतिवेदन सदनबट पारित भएपछि त्यसको कार्यान्वयनमा सम्बिन्धत निकायलाई संसदले निर्देशन दिने गर्दछ ।

सरकारले १ असारमा ल्याएको ६२ अर्ब ७० करोडको बजेटमा छुटेका विपक्षीका योजना समेट्ने प्रतिबद्धतासहित १८ असारमा सरकार र प्रतिपक्ष एमाले र राप्रपा बीचको सहमति कार्यान्वयनलाई लिएर विवाद भइरहेको हो । सहमति कार्यान्वयन नभएको भन्दै दुबै दलले विरोध गरेपछि २२ असोजको बैठक स्थगित भएकोमा १४० दिनपछि मंगलबार हिउँदे अधिवेशनको पहिलो बैठक बसेको थियो । बुधवारका लागि बोलाइएको प्रदेशसभा बैठक नै नबसी स्थगित भएको छ ।

बैठक अघि सरकार र प्रतिपक्षबीच भएको वार्तामा संसदीय विशेष समिति बनाएर जाने प्रारम्भिक सहमति जुटेको नेताहरुले जानकारी दिएका छन् । वार्ता करिब निश्कर्षमा पुग्न लागिसकेको अवस्थामा मुख्यमन्त्री शालिकराम जम्कट्टेलको अनुपस्थितिले अन्तिम सहमति हुन बाँकी रहेको बताइएको छ । सहमति कार्यान्वयनका सन्दर्भमा काम गर्नेगरी संसदीय विशेष समिति गठनको प्रस्ताव प्रतिपक्ष दल नेकपा एमाले र राप्रपाले राखेका हुन् ।

बुधवार प्रदेशसभा छोडेर मुख्यमन्त्री जम्कट्टेल मकवानपुरको राक्सिराङ गाउँपालिकास्थित एक विद्यालयको अभिभावक भेलामा सहभागी हुन गएपछि प्रस्तावमाथि अन्तिम सहमति जुट्न नसकेको एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले जानकारी दिए । बैठक डाकेर मुख्यमन्त्री आफैं अनुपस्थित हुनु गैरजिम्मेवारी कार्य भएको एमाले सांसद भारती पाठकले बताइन् ।

वार्तामा सरकारकातर्फबाट उद्योग तथा कार्यबाहक आर्थिक मामिला तथा योजनामन्त्री रामकृष्ण चित्रकार, सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका मुख्यसचेतक रत्नप्रसाद ढकाल, सत्तारुढ नेकपा (एकीकृत समाजवादी)का नेता कृष्णप्रसाद शर्मा सहभागी थिए ।

प्रतिपक्षबाट एमालेका प्रमुखसचेतक पौडेल, राप्रपाका नेता उद्धव थापालगायतसहभागी भएको वार्तामा प्रस्तावमाथि प्रारम्भिक सहमति जुटेको नेताहरुले बताए । समस्या समाधान गर्न संसदीय विशेष समिति बनाएर जाने विषयमा सहमति नजिक पुगेको माओवादीका सचेतक ढकालले जानकारी दिए । उनले संसदीय विशेष समिति गठन गरेर समस्याको समाधानमा सरकार तयार रहेको बताए । विपक्षी दलले संसदीय विशेष समिति गठनपश्चात त्यसले काम गर्ने समय प्रदेशसभा स्थगित गर्नुपर्ने माग राखेको ढकालले बताए ।

एमाले सचेतक पौडेलले समस्या सुल्झाउन संसदीय विशेष समिति बनाउने प्रस्तावमा सरकार पक्ष मौखिक रुपमा सहमति देखिएको बताए । उनले सरकार अझै अल्मल्याउने पक्षमा देखिएको आशंका गर्दै समिति गठनमा अन्तिम टुंगो लाग्न बाँकी रहेको बताए । 'आज संसद बोलाइएको थियो । यहाँ यतिधेरै समस्या छ । मुख्यमन्त्री भने एउटा कार्यक्रममा हिँड्नु भएछ । उहाँ जिम्मेवार देखिनु भएन । उहाँकै कारण आजको बैठक पनि चल्न सकेन', पौडेलले भने । प्रदेशसभा बैठक बिहीवार विहान साढे ११ बजेका लागि बोलाइएको छ । बैठक अगाडि नै संसदीय विशेष समिति गठनको टुंगो लाग्ने नेताहरुले बताएका छन् ।

# बसपार्कमा ब्यावसायिक कम्प्लेक्स बनाउँदै उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ हेटौंडा उपमहानगरपालिकाले हेटौंडा-१० मा कम्प्लेक्स निर्माणका लागि तयार भएको करिब ६६ करोड रुपैयाँको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) स्वीकृत गर्ने निर्णय गरेको छ । बुधबारको कार्यपालिका बैठकले हेटौंडा उपमहानगरको गौरवको योजनाअन्तर्गत नगरविकास कोषसँग ऋण लिई निर्माण गर्न लागेको कम्प्लेक्सको डीपीआर स्वीकृत गर्ने निर्णय गरेको हो ।

कार्यपालिका बैठकले गरेको निर्णय सार्वजनिक गर्दै नगरको गौरवको आयोजनाका रुपमा कम्प्लेक्स निर्माणलाई अघि सारेको जनाइएको छ । कार्यतालिकाअनुसार बुधबार बिहान बसेको कार्यपालिका बैठकको निर्णय सार्वजनिक गरिएको हो । कार्यपालिका बैठकले १४ वटा बुँदामा विभिन्न निर्णय गरेको छ ।

अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णय कार्यान्वयनमा समीक्षा गर्नुका साथै उपमहानगर कार्यपालिका बैठक आवश्यकता अनुसार प्रत्यक्ष प्रसारण गर्ने, प्रवक्ता मार्फत निर्णय सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई, नगर स्थापना दिवस, नगर सभालगायतका विशेष महत्वका कार्यक्रम प्रत्यक्ष प्रसारण गर्ने निर्णय गरिएको छ । उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको समीक्षा गरी बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्मको वडा नं. १० र १५ को स्वीकृत गर्ने निर्णय गरेको नगरप्रवक्ता सबिन न्यौपानेले जानकारी दिए ।

उपमहानगरको गौरवको योजनाअन्तर्गत नगरविकास कोषसँग ऋण लिई हेटौंडा-१० मा हेटौंडा कम्प्लेक्स निर्माणको लागि तयार भएको करिब ६६ करोडको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने, सहरी विकास मन्त्रालयबाट सघन सहरी विकास कार्यक्रमअन्तर्गत प्राप्त २५ करोड बराबरको विभिन्न परियोजना कार्यान्वियन गर्ने सघन सहरी तथा भवन निर्माण आयोजना, चितवनबाट प्राप्त विस्तृत परियोजना प्रतिवदेन संशोधन गर्नको लागि अनुरोध गर्ने निर्णय गरिएको प्रवक्ता न्यौपानेले बताए ।

उपमहानगरको सबै वडामा आगामी आर्थिक वर्षमा सञ्चालन गरिने परियोजनाको सम्बन्धमा विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्नुपर्ने भएको हुँदा वडा कार्यालयसँग त्यस्ता परियोजना सात दिनभित्र माग गरी विस्तृत परियोजना प्रतिवेदन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको छ । उपमहानगर द्वारा सञ्चालित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा विभिन्न कारणले सुरु लागत अनुमान भन्दा फरक भई भेरिएशन भएमा त्यस्तो भेरिएशनको अध्ययन गरी प्रतिवेदन पेश गर्न हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन संयोजक, हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, हेटौंडा-८ का वडाअध्यक्ष रामकृष्ण थापा सदस्य रहेको समिति गठन गर्ने निर्णय गरेको प्रवक्ता न्यौपानेले जानकारी दिए ।

खानेपानी व्यवस्थापन वोर्डले उपमहानगरको साझेदारीमा सञ्चालन भएका आयोजनाबाहेक उपभोक्ता समितिमार्फत सञ्चालित योजनाको कार्यान्वयन अवस्थाको अध्ययन गरेबापत सम्झौता बमोजिमको ३० प्रतिशतमा हुन आउने रकम २ लाख ६१ हजार रुपैयाँ वोर्डलाई भुक्तानी दिने निर्णय गरेको छ । उपमहानगरमा संघीय सरकार र प्रदेश सरकारबाट सशर्त, समपुरक, विशेष अनुदानमार्फत प्राप्त आयोजना चालू आर्थिक वर्षमा समयमै सम्पन्न गर्न तत्काल सम्झौता गरी प्राथमिकताका साथ सञ्चालन गर्ने निर्णय भएको छ ।

उपमहानगरको आन्तरिक राजस्वबृद्धिका लागि राप्तीलगायत नदीक्षेत्रको विभिन्न स्थानमा नदीजन्य पदार्थ उत्खनन् गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पठाउने, वडा नं. १९ को कुवापानी सिरानचोक खानेपानी योजनामा सोलार पम्पीङ प्रविधि जडान गर्न नवीकरणीय उर्जामा संघीय सशर्तबाट प्राप्त ८ लाख रुपैयाँ खर्च गर्ने निर्णय भएको छ ।

उपमहानगरपालिकालाई आवश्यक रहेका अनुदान सञ्चालन सम्बन्धी कार्यविधि, सेवाप्रवाहसम्बन्धी मापदण्ड, आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनका लागि कानून तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने, उपमहानगरका मेडिकल अधिकृत डा.कमलराज न्यौपानेको राजिनामा स्वीकृत गर्ने, खानेपानी तथा सरसफाई डिभिजन नं. १ सँग त्रिपक्षीय सम्झौता गरी सिमलटार खानेपानी योजनाको लागि चालू आर्थिक वर्षमा १ करोड उपलब्ध गराउने निर्णय गरिएको प्रवक्ता न्यौपानेले जनाए ।

बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकालाई राजनीतिक दलका कार्यक्रममा सहभागी गराउन नपाउने व्यवस्थालाई कार्यान्वयन गर्न जिल्लास्थित राजनीतिक दललाई ध्यानाकर्षण गराउने निर्णय गरिएको प्रवक्ता न्यौपानेले जानकारी गराएका छन् ।

# मकवानपुर बहुमुखी क्याम्पसको र्‍याली




साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ हेटौंडामा बुधवार मकवानपुर बहुमुखी क्याम्पसले सर्वोकृष्ट नतिजा ल्याउन सफल भएको अबसरमा बाजागाजा सहित र्‍याली निकालेको छ ।

त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयले सार्वजनिक गरेको बीबीए पाँचौं सेमेस्टरको नतिजामा मकवानपुर बहुमुखी क्याम्पस नेपाल टप हुन सफल भएको खुशीयालीमा बुधबार विद्यार्थी, शिक्षक, अभिभावकको र्‍याली निकालिएको थियो । बीबीए पाँचौ सेमेस्टरमा ५ जना विद्यार्थीले ४ जीपीए ल्याउन सफल भएका थिए । छात्रा इरा लामा, इशा श्रेष्ठ, क्रिष्टिना दाहाल, सैयद अतिफाहसन र सैयद अफिफाहसनले ४ जीपीए ल्याएका हुन् ।

बागमती प्रदेशका प्रथम मुख्यमन्त्री तथा क्याम्पसका पूर्वअध्यक्ष डोरमणि पौडेल, अध्यक्ष अनन्त पौडेलले विद्यार्थीलाई बधाई ज्ञापन गरेका थिए । बीबीए पाँचौ सेमेस्टरमा क्याम्पसबाट ३३ जना विद्यार्थीले सहभागिता जनाएको बीबीए कार्यक्रम निर्देशक मधुकुमार सिंहले जानकारी दिए । मकवानपुर बहुमुखी क्याम्पसका अध्ययनरत विद्यार्थी, प्राध्यापकलगायतको सहभागितामा नगर परिक्रमा गरी क्याम्पसमा पुगेर कोणसभामा परिणत भएको थियो ।

# रिटर्नी सेन्टर संयोजकमा गौतम

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ नेकपा माओवादी केन्द्र निकट रिटर्नी सेन्टर नेपाल मकवानपुरको पहिलो जिल्ला भेला भएको छ । बुधबार भएको पहिलो जिल्ला भेलाले विजय गौतमको संयोजकत्वमा १९ जनाको तदर्थ समिति चयन भएको हो ।

नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक सर्केश घलानको प्रमुख आतिथ्यता एवम् रिटर्नी सेन्टर नेपालका केन्द्रीय सहसंयोजक एवम् बागमती प्रदेश ईन्चार्ज हेमन्त पौडेलको उपस्थितिमा भेला भएको हो । कार्यक्रममा पार्टीका सचिव भीम पाख्रिन, सेन्टरका प्रदेश संयोजक दीपेन्द्र कार्कीलगायतको सहभागिता रहेको थियो । सेन्टरको तदर्थ समितिले कार्यसमिति निर्माण गर्ने संयोजक गौतमले बताए ।

# रंगेलीमा हेटौंडेली कलाकार धितालको अभिनय

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ महाशिवरात्रीका दिनबाट देशभरका सिनेमाहलमा प्रर्दशन हुन लागेको नेपाली कथानक चलचित्र रंगेलीमा हेटौंडेली कलाकार सुन्दर धितालको अभिनय रहेको छ ।

अर्जुन सुवेदीको निर्देशन रहेको चलचित्रमा डेव्यु गरेका हेटौंडेली कलाकार धितालले खलनायकको भूमिकामा अभिनय गरेका छन् । पावर एन्ड फियरको बिषयलाई उठान गरिएको चलचित्रमा मुख्य अभिनय दयाहाङ राई, मिरुना मगर, अर्पण थापालगायत रहेका छन् ।

चलचित्रको ट्रेलर एक साता अघि ओआरयस डिजिटलमार्फत युटुवमा सार्वजनिक भइसकेको छ । नवप्रवेशी कलाकार धितालले फागुन २५ गते महाशिवरात्रीका दिन देशभर प्रर्दशन हुन लागेको चलचित्र हर्न सबैलाई आग्रह गरेका छन् । धिताल हेटौंडा-५ भैरवरोड निवासी हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## निःशुल्क स्वास्थ्य शिविरसम्बन्धी सूचना

दीर्घायू गुरु हस्पिटल प्रा.लि. चाबहिल मित्रपार्क काठमाडौं, हर्ट फाउण्डेशन हेटौंडा र भुटनदेवी एल्मुनाई एसोसिएसन (भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था) हेटौंडाको संयुक्त आयोजनामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले इच्छुक सेवाग्राहीहरुले मौकाको फाइदा उठाउनुहोला ।
शिविरमा आवश्यकता अनुसार औषधिसमेत निःशुल्क वितरण गरिनेछ ।

**शिविर हुने:**
मिति : २०८० साल फागुन १९ गते शनिबार
स्थान : भुटनदेवी मा.वि. परिसर हेटौंडा-४
समय : विहान ८:०० बजेदेखि

**उपलब्ध हुने सेवाहरु:**
१) स्नायू तथा नशारोग
२) मुटुरोग
३) हाडजोर्नी रोग
४) स्त्री तथा प्रशुति
५) जनरल फिजिसियन

**थप जानकारीको लागि**
☞ मंगल पेपर मार्ट, कान्तिराजपथ, हेटौंडा-४ (९८५५०७१२८०)
☞ यति ड्रग हाउस, राप्तिरोड, हेटौंडा-१ (०५७-५२०५१८)
☞ श्रेष्ठ ट्रेडिङ्ग, टीसीएन रोड, हेटौंडा-१० (९८४५०५७२५०)
☞ युनियन ड्रग हाउस, हेटौंडा-१० (०५७-५२३१८८)
☞ बुद्ध मेडिकल हल, हेटौंडा-४ (०५७-५२१४१०)

आयोजकः भुटनदेवी एल्मुनाई एसोसिएसन
(भुटनदेवी माध्यमिक विद्यालयका पूर्वविद्यार्थीहरुको संस्था)
सम्पर्क नं.: ९८५१०५८३९२ (अध्यक्ष), ९८४५१०६१२३ (सचिव)

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# औद्योगिक क्षेत्र प्रमुखको दायित्व

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयमा १० माघदेखि कर्मचारीले क्षेत्रप्रमुखविरुद्ध आन्दोलन गरीरहेका थिए । कर्मचारी संघ इकाई समितिले १५ माघ र २८ माघमा दुईपटक लिमिटेडलाई पत्र लेखेर प्रमुखको सरुवा माग गरेको थियो । कर्मचारी र प्रमुखबीच द्वन्द्व बढेपछि २७ र २८ माघमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका निमित्त महाप्रबन्धक र कामु निर्देशक हेटौंडा आएर छलफल गरेका थिए । केन्द्रको छलफलले विवाद समाधान गर्न नसकेपछि एकैपटक तीनजनाको सरुवा भएको जनाइएको छ । क्षेत्रप्रमुख र कर्मचारीबीच वार्ता भएर विवाद समाधान हुने नदेखिएपछि सरुवा गर्नुभएको एक कर्मचारीले बताएका छन् ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुखको सरुवाले भएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजुले ११ फागुनमा प्रमुख बिनाडीलाई कार्यालयको रिक्त रहेको सञ्चालन महाशाखा उपनिर्देशकमा सरुवा गरेको हो । एकजना केन्द्रप्रमुखको सरुवाले औद्योगिक क्षेत्रलाई खासै असर नगर्ला तर, त्यहाँको बेथिति अन्त्य गर्ने क्षेत्रप्रमुखको आवश्यकता छ । हेटौंडा औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्ने भन्दै जग्गा सम्झौता गर्ने र उद्योग स्थापना नगरी जमीन मात्र ओगट्ने रोग कायम छ । उद्योग स्थापनाका लागि जग्गा सम्झौता गरेको २ वर्षभित्र उत्पादन सुरु नगरेमा सम्झौता रद्द हुने कानुनी व्यवस्था भएपनि शक्तिकेन्द्रको आढमा जग्गा ओगटेर राख्ने र उद्योग गर्न खोज्ने लगानीकर्तालाई जमिन खाली नभएको भन्दै फर्काउने गरिएको छ । जग्गा सम्झौताको ६ महिनाभित्र आवश्यक संरचना निर्माण गरिसक्नु पर्ने र २ वर्षभित्रमा उत्पादन थाल्नु पर्ने कानुनी व्यवस्था छ । तर, वर्षौंदेखि जग्गा ओगटेर बसेका उद्योगलाई कुनै कारबाही हुने गरेको छैन । जग्गा सम्झौता रद्दको सूचना निकालेर आफ्नै सूचना कार्यान्वयन नगर्ने काम सरकारले गरेको छ । अधिकांश उद्योगले काम नगरी जग्गा ओगटेर बसेका छन् । नयाँ उद्योग खोल्न हेटौंडा औद्योगिक क्षेत्रभित्र हाल जग्गाको अभाव छ । नयाँ लगानीकर्ताले औद्योगिक क्षेत्रमा औद्योगिक प्रतिष्ठान स्थापना गर्न जग्गा पाउँदैनन् तर, वर्षौंदेखि जग्गा ओगटेर उद्योग सञ्चालन नगर्ने कम्पनीलाई भने सरकारले नै उन्मुक्ति दिइरहेको छ । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग विभिन्न उद्योगले जग्गा भाडामा लिन सम्झौता गरेका छन् ।

जसकारण दुई वर्षभित्र उत्पादन गरिसक्नु पर्ने कानुनी व्यवस्था पूरा नगरेका उद्योगको सम्झौता रद्द गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रीय कार्यालय, बालाजुले हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई पत्राचार गरेको थियो । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाले २० वटा उद्योगको सम्झौता रद्द गर्नुपर्ने भन्दै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड केन्द्रीय कार्यालय, बालाजुलाई सुरुवातमा पत्राचार गरेको थियो । जसमध्ये १५ वटाको सूचना निकालिएको थियो । वर्षौंदेखि हेटौंडा औद्योगिक क्षेत्रको जग्गा कब्जा गरेर उत्पादन सुरु नगरेका उद्योगको सम्झौता रद्द गर्न भने केन्द्रबाट पत्राचार नभएको बताइएको छ । राजनीतिक पहुँचका आधारमा उद्योगीले वर्षौंदेखि जग्गा ओगटेर बसेको छन् । पछिल्लो समय सरकारको नीति नै लगानीमैत्री बन्न नसकेको गुनासो एकातिर छ भने अर्कोतिर औद्योगिक क्षेत्रमा जग्गाभाडाको बिवाद कायमै छ । हेटौंडा औद्योगिक क्षेत्रमा रहेको समस्या समाधान हुन नसकेका कारण भएका उद्योग पनि कतिबेला बन्द हुने हो भन्ने कुरा अन्यौलग्रस्त छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन १८ गते शुक्रबार १ मार्च २०२४ । षष्ठी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:३०, सूर्यास्त ६:०४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | तुला | : पठन-पाठनमा प्रगति हुनेछ |
| वृष | : शुभ समाचार मिल्नेछ | वृश्चिक | : सभा-समारोहमा अवसर मिल्नेछ |
| मिथुन | : व्यापार लाभप्रद रहनेछ | धनु | : आत्मविश्वासमा कमी आउनेछ |
| कर्कट | : सन्तानको चिन्ता बढ्नेछ | मकर | : व्यापारमा हानि हुन सक्नेछ |
| सिंह | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | कुम्भ | : समाजमा सराहना हुनेछ |
| कन्या | : रोकिएका काम सम्पादन हुनेछन् | मीन | : मन प्रसन्न रहनेछ |

# ‘वित्तीय शोषण’ को भाष्य र आन्दोलनका कुरा



✍ मनिकर कार्की



गाउँ-शहरका भञ्ज्याङ चौतारी र चोक-चौबाटोमा गरिने गफ अनि आम चासोको मुख्य विषय हो, मुलुकको ‘आर्थिक रूपान्तरण’ । वास्तवमा पछिल्लो समय यो केवल आम चासोको विषय मात्र होइन, राजनीतिक असन्तुष्टि पोख्ने मुख्य मुद्दा पनि बनेको छ ।

शब्द संयोजन फरक हुन सक्ला, तथापि राजनीतिक परिवर्तनले जनताको आर्थिक अवस्थामा बदलाव ल्याउन नसकेकोमा आम असन्तुष्टि तीव्र देखिन्छ । त्यसैले त राजनीतिमा विचार (आइडियोलोजी) लाई सेवा प्रवाह (सर्भिस डेलिभरी) ले विस्थापन गर्न खोजेको अनुभूति हुँदैछ ।

डेलिभरीको मुद्दा यतिसम्म व्यापक भइसक्यो कि अब हरेक चुनावमा राजनीतिक नेतृत्वले जनतालाई दिने डेलिभरीको फेहरिस्त प्रस्तुत गर्नुपर्ने बाध्यता आइसकेको छ । तर, आजका दिनसम्म पनि यो डेलिभरीको राजनीति केवल ‘ओठे सेवा’ (माउथ सर्भिस) मै सीमित छ ।

पुराना, नयाँ सबैले त्यही ओठे सेवा मार्फत राजनीति धान्ने चेष्टा गरिरहेका छन् । नयाँ राजनीतिक परिवर्तनसँगै देशमा आर्थिक रूपान्तरण र विकासका कुरा उठेको पनि दुई दशक पुग्न लागिसकेको छ । तर, हाम्रो वर्तमान भने त्यही विकासको संरचनामुखी भाष्यमै बरालिन पुगेको छ ।

आखिर हामीलाई चाहिएको विकास कस्तो हो ? समृद्धि कस्तो हो ? अनि कस्तो र कसको उन्नति हो ? यी विषयवस्तुको अन्तर्य भने अझै अस्पष्ट नै देखिन्छ । त्यो समृद्धिको आधार र प्राप्त हुने मार्गबारे भने हामी चासो प्रकट गरिरहेका छैनौं ।

विकास, समृद्धि र उन्नति हासिल गर्नका लागि अर्थतन्त्रको आकार र क्षेत्र फराकिलो हुनुपर्दछ । देशमा रोजगारी, आम्दानी, लगानी, उत्पादन र उपभोगको बृहत् सञ्जाल निर्माण हुनुपर्दछ । त्यसका लागि आवश्यक चुस्त र पारदर्शी वित्तीय प्रणालीका साथै बृहत् बजारको सञ्जाल पनि अपरिहार्य हुन्छ ।

तर, हामीले समृद्धिका यस्ता हार्डवेयर र सफ्टवेयरका बारेमा उतिसारो चासो राखेकै छैनौं, बस् यो भएन र त्यो भएन भन्दै आफ्नो लुप्त अभीष्ट साध्नका लागि कुनै पनि आन्दोलन वा अभियानको पक्षपोषण गर्न पुग्दछौं । विरोधका लागि विरोध गर्ने कार्यले मुख्य समस्या विषयान्तर भइदिन्छ र हामी फेरि राजनीतिका अमूर्त र व्यवस्था परिवर्तनका मोटा कुरामै अल्झिन पुग्दछौं ।

जुन राजनीतिक दल वा समूहले जनजीविकाका सवाल उठाएर आन्दोलन सुरु गर्छ, प्रकारान्तरमा ऊ संघर्षबाट भड्किएर व्यवस्था परिवर्तनको वकालत गर्न पुग्दछ र हाम्रा जनजीविकाका सवालहरू त्यसै अनुत्तरित र अपरिभाषित भइदिन्छन् ।

खासमा विकास, समृद्धि र उन्नतिका लागि भन्दै आर्थिक, सामाजिक एवं राजनीतिक अभियानहरू सञ्चालन गर्ने कुनै दल, समूह वा त्यसको पैरवी गर्ने व्यक्तिहरू समेतले मुलुकको अर्थतन्त्र, अर्थप्रणाली र बजारको गतिशीलताबारे गम्भीर भएको देखिएन ।

अर्थप्रणाली र बजारको कार्यसम्पादनबार े विश्वास जगाउने पहल गरेको देखिएन । विकास र समृद्धिको कुरा गर्दा बृहत् लगानी, उत्पादन, आम्दानी र उपभोगको चक्रलाई नजरअन्दाज गर्न सकिंदैन । तर, यहाँ उत्पादन र उपभोगको डाइनामिक्स नै बुझ्न सकेको देखिंदैन । अर्थतन्त्रमा सबैभन्दा महत्वपूर्ण कुरा धनको सिर्जना हो । तर हाम्रो आन्दोलन, विरोध र प्रदर्शनले धनको सिर्जना गर्नुपर्ने कुरालाई हैन, केवल स्थानान्तरण (ट्रान्सफर) को एजेण्डा मात्रै बोकेको अनुभूति हुन्छ ।

अर्थशास्त्रको सामान्य नियमले भन्छ- उत्पादनको बृहत् प्रक्रियाबाट रोजगारी सिर्जना हुन्छ, रोजगारीले आम्दानी बढाउँछ, आम्दानी बढेपछि व्यक्तिको क्रयशक्ति बढ्छ अनि त्यसले उपभोग बढाउँछ ।

उपभोग बढेपछि बजारमा वस्तु र सेवाको माग बढ्छ, माग बढेपछि उत्पादनका लागि नयाँ लगानी थप हुन्छ, त्यसले पुन: नयाँ उत्पादन बढाउँछ र त्यो थप उत्पादनले पुन: रोजगारी, आम्दानी र उपभोग बढाउँछ ।

अर्थतन्त्रको यो आधारभूत चक्रलाई गतिशील लागि वित्तीय प्रणाली र बजारले अहम् भूमिका निर्वाह गरेको हुन्छ । जसको अनवरत संचालनको सुनिश्चितता राज्यले गरि दिनुपर्दछ ।

राज्य र यसका संयन्त्रहरूप्रतिको आम विश्वास र भरोसाले नै वित्त र बजार प्रणालीले काम गरेको हुन्छ । यदि विश्वासको संकट पैदा भयो भने बजार र प्रणालीले विश्वास गुमाउँछ र त्यसले अर्थतन्त्रको चक्रलाई अवरोध गरिदिन्छ ।

केही समययता विद्यमान राजनीतिक असन्तुष्टि पोख्ने अनेकन् माध्यम र आवरणमा आन्दोलन र जनप्रदर्शन जारी देखिन्छ । पछिल्लो समय व्यवसायी दुर्गा प्रसाईं तथा राष्ट्रिय प्रजातन्त्र पार्टीले गरेको कथित ‘व्यवस्था परिवर्तन’को आन्दोलनमा पनि त्यही कुरा अभिव्यक्त भएको छ ।

उनीहरूले ‘सार्वजनिक खपत’कै लागि जनजीविकाका कुरा गर्दै गर्दा छद्मभेषी ढंगले आफ्नो राजनीतिक अभीष्ट पूरा गर्ने कुत्सित प्रयत्न गरिरहेका छन् ।

किनकि जनजीविकाका कुरा गर्दा त अर्थतन्त्रमा धन सिर्जनाका लागि उत्प्रेरित गर्नुपर्ने हुन्छ । जनतालाई उद्यमशील बनाउने र समाजलाई सही भाष्य दिएर आर्थिक दिशाबोध गर्न सक्नुपर्दछ । तर, व्यवहारमा त्यसो हुनसकेको छैन । बरु सरकारको विरोध गर्ने नाउँमा मुलुकको वित्तीय प्रणाली र बजार व्यवस्थामाथि नै धावा बोल्ने दुस्साहस भएको छ ।

विभिन्न व्यक्ति, समूह वा राजनीतिक दलहरू समेतको आन्दोलन र अनेकन् संघर्षका कारण सामाजिक सञ्जालहरू हुँदै सञ्चार माध्यमहरूमा अभिव्यक्त विचार र बहसबाट स्थापित भइरहेको भाष्य हेर्दा हामी सही कुराको दिशाबोध हुनबाट वञ्चित हुँदै गएको अनुभूति हुन्छ । अनि ‘संस्थागत वित्तीय शोषण’को भाष्य बनाएर मुलुकको वित्तीय प्रणालीबारे प्रश्न गरिंदैछ । र, जनबोलीमा प्रयोग भइरहेको भाष्यको सारांश छ’

- बैंक तथा वित्तीय संस्थाहरू ‘वैधानिक लुटेरा’ हुन्,
- लघुवित्त वित्तीय संस्थाहरू आधुनिक जमानाका ‘महासामन्त’ हुन्,
- सहकारीहरू वित्तीय ठगी गर्ने माध्यम हुन्,
- बैंक तथा वित्तीय संस्था, लघुवित्त, सहकारी पीडितलाई राज्यले न्याय दिनुपर्छ ।

यस्तो भाष्य कसले र किन बनायो ? यी भाष्य निर्माणको पृष्ठभूमिमा आर्थिक एवम् वित्तीय कठिनाइलाई कारण देखाउँदै आत्मदाहको बाटो रोजेका केही व्यक्तिहरूको भावुक वक्तव्य र राज्य व्यवस्था एवम् वित्तीय प्रणालीप्रतिको चरम गुनासो, असन्तुष्टि एवम् आक्रोशको कथा पनि पढे-सुनेकै विषयवस्तुहरू हुन् ।

जनअसन्तुष्टि र आक्रोशको त्यही आडमा राज्य व्यवस्थामाथि अनेकन् प्रश्न गर्दै विना टुंगोको आन्दोलनमा मान्छे उरालेर अराजकता सिर्जना गर्न खोज्नेहरूको नियतलाई कसरी सफा मान्ने ? नि:सन्देह सरकारलाई आन्दोलन र संघर्ष मार्फत खबरदारी गर्नु जरूरी हुन्छ । भ्रष्टाचारका विरोधमा सचेत गराउनु आवश्यक पनि हुन्छ । तर, सबै आन्दोलन, विरोध र संघर्ष निरपेक्ष रूपमा सही नै हुन्छन् भन्ने चैं हुँदैनरहेछ ।

जस्तै कथित ऋृण पीडितको नाउँमा व्यवसायी दुर्गा प्रसाईंले आम मान्छेलाई भड्काउँदै गरेको प्रदर्शनलाई सही मान्न सकिंदैन । किनकि त्यसले विद्यमान व्यवस्थामाथि मात्र हैन, मुलुकको अर्थ र वित्त प्रणालीमाथि नै प्रश्न खडा गरिदिएको छ । अर्थतन्त्र भन्नु नै विश्वास हो । अनि त्यही विश्वासमा वित्त प्रणाली चलेको हुन्छ ।

यदि विश्वास गुम्यो भने त्यो प्रणाली क्षणभरमै धरासायी हुन्छ । जब प्रणाली धरासायी हुन्छ भने ती बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणबाट संकलन गरेको खर्बौंको निक्षेप अनि संस्थाले गरेको खर्बौंको लगानी कसरी सुरक्षित हुनसक्छ ?

आफ्ना वित्तीय स्वार्थ पूरा भएनन् भनेरै कुनै अमूक बैंक, वित्तीय संस्थाका विरुद्ध नारबाजी गर्दै मान्छेलाई वित्तीय संस्था डुब्न लागेको अफवाह फैलाएर बचतकर्तालाई बचत झिक्ने उर्दी जारी गर्नु अराजकताको पराकाष्ठा त हुँदै हो, त्यो सार्वजनिक अपराध पनि हो । वित्तीय संस्था जतिसुकै सबल होस्, तर अनियन्त्रित रूपमा बचत फिर्ताका लागि मानिसहरू लाइन लाग्छन् भने त पैसा छापेरै पनि थेग्न सकिंदैन !

किनकि बैंकहरूले निक्षेपकर्ताबाट उठाएको निक्षेपलाई नगदमा राखेर बस्ने त होइनन् । उनीहरूले नियमनकारी निकायले तोकिदिएको र नियमित कारोबारका लागि आवश्यक औसत तरलता राखेर सबै पैसा अल्पकालीन तथा दीर्घकालीन रूपमा लगानी गरेका हुन्छन् ।

लगानी गरेको रकम उठ्ने निश्चित तालिका हुन्छ । हो, कहिलेकाहीं मुलुकको अर्थतन्त्र नै संकटको अवस्थामा रहेको बेला वित्तीय प्रणालीमा पनि केही सकस पक्कै परेको हुन्छ । तर पनि संकटपछि पुनरुत्थानको समयको पर्खाइमा बस्नुपर्दछ । न कि वित्तीय प्रणालीप्रति नै शंका गरेर अविश्वासको बीजारोपण गर्ने ।

हो, विश्वका विकसित मुलुकहरूको तुलनामा नेपालको वित्तीय प्रणाली उतिसारो प्रभावकारी नहोला तर, यसले यहाँको परिवेशमा जे-जति गरेको छ, त्यसको सराहना गर्नैपर्छ । झन् संकटको सामना त तिनै विकसित मुलुकका वित्तीय प्रणालीले चैं निरन्तर गरिरहेकै हुन्छ ।

अहिले मुलुकमा वित्तीय पहुँच अभूतपूर्व रूपमा विस्तार भएको मान्नुपर्छ । विभिन्न श्रेणीका बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय पहुँच बढाउने काममा निकै महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसैले सर्वसाधारणको धनको सुरक्षा दिनुका साथै उनीहरूको वित्तीय आवश्यकतामा वित्तीय संस्थाहरूले निर्वाह गरेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन ।

आखिर वित्तीय प्रणाली बेगरको आधुनिक युगको परिकल्पना पनि त हुन सक्दैन । हो, प्रणालीमा कहिलेकाहीं समस्या पनि आउँछ । यदाकदा अमूक वित्तीय संस्थाहरूको स-सानो बदमासी पनि हुनसक्ला । वित्तीय कारोबारमा हेलचेक्र्याईं र पक्षपाती व्यवहार पनि हुन सक्लान् । तर, घटनाविशेषमा आधारित भएर कुनै अमूक संस्थाका कर्मचारीहरूले गरेको व्यवहार र अपारदर्शी (वा फर्जी) कारोबारलाई लिएर समग्र वित्तीय प्रणालीप्रति नै विषवमन गर्न खोज्नु कुनै असल नियतको द्योतक पक्कै होइन ।

नेपालका बैंक तथा वित्तीय संस्थाहरू मध्यकालीन र दीर्घकालीन वित्तीय व्यवस्थापनको प्रक्षेपण गर्ने मामिलामा अपरिपक्व छन् । बैंकहरूसँग अलिकति तरलता बढ्ने बित्तिकै पैसा बेच्न (कर्जा दिन) ग्राहक खोज्दै हिंड्ने र अलिकति असहजता हुने बित्तिकै फेरि पैसा किन्न (निक्षेप खोज्न) घरघर चहार्ने परिपाटीले मुलुकको वित्तीय प्रणाली परिपक्व हुन नसकेको संकेत गर्दछ ।

नियामक निकायले पनि आफ्ना नीतिगत त्रुटिलाई छेक्न अल्पकालीन वित्तीय औजार मिलाउने नाउँमा बैंकहरूलाई ब्याजदर चलाउन दबाब दिने काम विगतमा भएकै हो । त्यसैको प्रभाव स्वरूप अहिले बैंक ब्याजदर घट्दै गर्दा पनि कर्जा प्रवाह हुनसकेको छैन ।

बजारले गति लिनसकेको छैन । किनकि औद्योगिक क्षेत्रमा उत्पादनका लागि लगानी थप्ने विश्वासिलो वातावरण बनेको छैन । राज्यको अस्थिर नीतिका कारण उद्योगी-व्यवसायीहरू विश्वस्त हुनसकेका छैनन् ।

बैंक, वित्तीय संस्थाहरूको मुख्य काम नै वित्तीय मध्यस्थता गरिदिने हो । सोका लागि उनीहरूले निश्चित प्रतिशतको अन्तरमा ब्याजदर निर्धारण गरेका हुन्छन् । त्यस्तो ब्याजदरको अन्तर यथोचित छ कि छैन भनेर निगरानी र नियमन गर्ने काम केन्द्रीय बैंकले गरेको हुन्छ । विगतमा ७/८ प्रतिशतसम्म औसत ब्याजदरको अन्तर राखेका बैंकहरूले अहिले त्यही ४/५ प्रतिशतको अन्तरमा काम गरिरहेका छन् ।

त्यसैले बैंकहरूलाई ‘वैधानिक लुटेरा’ भनेर निर्माण गरिएको भाष्य आफैंमा पूर्वाग्रही छ । यस्तो दुराग्रही भाष्य बनाउँदै गर्दा ती बैंक तथा वित्तीय संस्थाहरूले संकलन गरेको खर्बौं बचतसँग जोडिएका लाखौं बचतकर्ताहरूको बचतको सुरक्षा अनि वित्तीय संस्थाले नै सिर्जना गरेको खर्बौं कर्जा लगानीको अवस्थालाई पनि नजरअन्दाज गर्न मिल्दैन ।

हामी कुनै व्यक्तिविशेषको भड्कावकै कारण समग्र वित्तीय क्षेत्रलाई नै कसरी ‘लुटेरा’ को संज्ञा दिन सक्छौं ? यसर्थ, हामी नागरिकले पनि अलि जिम्मेवार भएर प्रस्तुत हुनुपर्ने बेला हो, यो ।

अर्कोतिर जनबोलीमा लघुवित्त वित्तीय संस्थाहरूलाई पनि ‘महासामन्त’को पगरी गुताइएको छ । यो दृष्टिकोण पनि बदल्न जरूरी देखिन्छ । किनकि लघुवित्तहरूले वित्तीय पहुँच विस्तारमा गरेको योगदानलाई भुल्न मिल्दैन । खासगरी न्यून आय भएका आर्थिक एवं सामाजिक रूपले पछाडि पारिएका वर्ग र समुदायका मानिसहरूको पहिचान गरी उनीहरूलाई वित्तीय साक्षरता प्रदान गर्दै वित्तीय पहुँच पुऱ्याउने उद्देश्यका साथ लघुवित्त संस्थाहरूको स्थापना भएको हो ।

लघुवित्तको क्षेत्राधिकार भनेकै गाउँ, टोल र समुदायमा आधारभूत वित्तीय सेवा प्रवाह गर्नु हो । कम आय भएका घरपरिवारका विशेषगरी महिला सदस्यहरूलाई समूहमा आवद्ध गर्दै उनीहरूलाई आयआर्जनमा संलग्न गराई गरिबी निवारण गर्नु नै लघुवित्तको लक्ष्य हो । हो, पछिल्लो समय लघुवित्तको व्यवसाय निकै अस्वस्थ बन्न पुग्यो । मूलत: अल्पकालीन मुनाफामुखी दृष्टि हावी हुँदा लघुवित्तहरूमा तीव्र प्रतिपर्धा देखियो ।

त्यसले गर्दा लक्षित वर्गको पहिचान, समूह निर्माण, लगानीका लागि समूह सदस्यहरूको विश्वसनीयता र उनीहरूको आर्थिक क्रियाकलापसँगको सम्बन्धलाई नजरअन्दाज गर्दै लघुवित्तहरूले तँछाडमछाड गर्दै समूह बनाई ऋृण प्रवाह गरे । एउटै व्यक्तिले दर्जन बढी लघुवित्तबाट कर्जा लिएका विवरणहरू यसअघि नै धेरैपटक सार्वजनिक भइसकेका छन् ।

खासमा बदनियत राख्ने समूहका सदस्यहरूकै कारण लघुवित्तको समस्या सिर्जना भएको हो । जब त्यो समस्या आम हुँदै गयो, तब सोझासाझा विपन्न समुदायका मानिसहरू प्रत्यक्ष मारमा परे । त्यसो त लघुवित्तले सदस्यहरूलाई ऋृण लिन त सिकायो तर, त्यो ऋृणको आवधिक रूपमा सदुपयोगिता जाँच गर्न भने संस्थाहरू चुके । इलम-उद्यम मार्फत समूह सदस्यहरूलाई आर्थिक गतिविधिमा संलग्न गराउने काइदा सिकाउन भुले । अनि अर्को कुरा कतिपय लघुवित्तका कर्मचारीहरूको व्यवहार पनि मानवोचित भएन ।

तथापि लघुवित्तको समस्याको सुरुआत भने ऋृणी स्वयम्को लापरवाही र गैरजिम्मेवारीपूर्ण व्यवहारबाट सिर्जना भएको हो । किनकि जो-कोहीले ऋृण लिनुपूर्व त्यसको उपयोगिता र भविष्यमा किस्ता तिर्न सक्ने सक्षमताबारे आफैं जानकार हुनुपर्छ ।

आफूले लिएको ऋृणको सदुपयोग गर्ने ऋृणी स्वयम्ले हो । ऋृण लिएर घरव्यवहार चलाउने होइन, इलम-उद्यम गर्ने हो । तर, ऋृणमा पाएको पैसालाई सित्तैंमा पाएको ठान्ने मनोवृत्तिकै कारण सर्वसाधारण ऋृणको चंगुलमा फसेको देख्न सकिन्छ । ऋृण लिएर नतिर्ने अनि ऋृण पीडित भन्दै आन्दोलनमा उत्रिनु त कुनै पनि अवस्थामा वाञ्छित कुरा भएन ।

हो, मुलुकमा देखापरेको विभिन्न बाह्रय आर्थिक संकट र बजारमा देखापरेको मन्दीका कारण केही समय र ब्याज छुटका लागि सम्बन्धित निकायसँग अनुरोध गर्नु जायज कुरा हो तर, ऋृण मिनाहाका लागि भन्दै आन्दोलित हुनु त कुनै पनि मानेमा सही मान्न सकिंदैन ।

फेरि कतिपय समूह र व्यक्तिहरूको माग त संस्था खारेजीसम्मको देखिन्छ । जसले ऋृण लिएर तिरेको छैन, उसले संस्था खारेजीको माग गर्नु त हास्यास्पद कुरा मात्रै हो ।

जहाँसम्म सहकारीको सवाल छ, सहकारीले सामूहिक हित प्रवर्द्धनका लागि वित्तीय सहायता प्रदान गर्ने लक्ष्य लिएको हुन्छ । पछिल्लो समय सबै सहकारीहरूलाई एउटै डालोमा राखेर सबैलाई लुटको साधन ठान्ने परिपाटी देखिएको छ, जुन त्रुटिपूर्ण छ । किनकि सहकारीहरू बदमास हैनन्, केही ठूला भनिने सहकारीका संचालन र पदाधिकारीहरूको बदनियतका कारण सहकारीमा धेरैको बचत डुब्न पुगेको हो । फेरि सहकारीलाई बैंकभन्दा बढी विश्वास गर्ने कमजोरी स्वयम् बचतकर्ताको पनि हो ।

बचतकर्ताले सहकारीको उद्देश्य र मर्म बुझेर सीमित वित्तीय कारोबार गर्नुपर्ने थियो । तर, सहकारीलाई नै बैंक ठानेर असीमित वित्तीय कारोबार गर्न छुट दिनु गम्भीर खेलाँची हुन गयो । यसमा नियमनकारी निकायले पनि बेलैमा चासो दिनुपर्दथ्यो । ठूला-ठूला संकटमा परेका सहकारीहरूका बचतकर्ताको कुरा सुन्दा ती बचतकर्ताहरूमा वित्तीय साक्षरता नभएका कारण सहकारीमा बचत गरेको जस्तो लाग्दैन । उनीहरू मूलत: धैरै ब्याजको प्रलोभन र सहकारीमा बचत गर्दा पैसाको स्रोत खुलाउनु नपर्ने भएका कारण अदृश्य स्रोतबाट आम्दानी गरेको रकमलाई सहकारीमा जम्मा गर्दा सहकारीहरूको कारोबार बैंक तथा वित्तीय संस्थाहरूको भन्दा ठूलो हुन गएको तीतो यथार्थलाई नजर अन्दाज गर्न सकिंदैन ।

यसर्थ, समस्यामा परेका सरकारीको समस्या तिनै संस्थाका संचालक र पदाधिकारीको बदनियत र केही हदसम्म बचतकर्ताको हेलचेक्र्याईं र लोभले सिर्जना भएको हो । त्यसैले अब वित्तीय प्रणाली, वित्तीय संस्थाको प्रकृति र कारोबारको दायरा बुझेर मात्रै वित्तीय कारोबार गर्नु जरूरी छ ।

आन्दोलनका नाउँमा जस्तोसुकै माग राख्ने, सरकारको विरोधका नाउँमा राज्यका वैधानिक संस्थाहरूमाथिको विश्वासमाथि नै प्रश्न उठ्ने गरी भाष्य निर्माण गर्नु किमार्थ उचित होइन । सरकारको विरोध हुनसक्छ । राजनीतिक दलहरूको कार्यशैलीको विरोध हुनसक्छ । तर राज्य, लोकतन्त्र र लोकतान्त्रिक संस्थाहरूको अस्तित्व र वैधानिकतामाथि नै प्रश्न गर्न थालियो भने हामी वैधानिक संकटतर्फ अग्रसर हुनेछौं । जसले अराजकतालाई निम्त्याउँछ । वैधानिक दायरा बाहिरको अराजकताले नि:सन्देह खती नै निम्त्याउनेछ ।

*(साभार: अनलाइनखबर)*

# हदबन्दीभन्दा बढीको जग्गा धितो राखेर ऋण लिन बाटो खोलिँदै



काठमाडौं/सरकारले उद्योग प्रतिष्ठान र कम्पनीहरुले हदबन्दी भन्दा बढीको जग्गा धितो राखेर ऋण लिन पाउने गरी कानुन संशोधनको तयारी गरेको छ । आगामी वैशाखमा लगानी सम्मेलनको तयारी गरेको सरकारले त्यसअघि लगानीमैत्री वातावरण बनाउन केही कानुन संशोधनको तयारी गरेको छ । त्यसै क्रममा उद्योग प्रतिष्ठान, कम्पनी, शिक्षण संस्था र अन्य संस्थाहरुले राखेको हदबन्दी भन्दा बढीको जग्गा धितो राखेर ऋण लिन पाउने व्यवस्था गर्न लागेको हो ।

भूमिसम्बन्धी ऐन २०२१ मा कुनै व्यक्ति वा उसको परिवारले भित्री मधेश तथा तराईमा १० बिघा काठमाडौं उपत्यकामा २५ रोपनी र काठमाडौं उपत्यकाबाहेक अन्य पहाडी क्षेत्रमा ७० रोपनी जग्गा मात्र राख्न पाउने गरी हदबन्दी तोकेको छ । त्यसबाहेक घरबारीका लागि तराईमा थप एक बिघा, काठमाडौं उपत्यकासहित पहाडी क्षेत्रमा थप ५ रोपनी जग्गा राख्न पाइने व्यवस्था कानुनमा छ ।

तर उद्योग प्रतिष्ठान, कम्पनी, शिक्षण संस्था वा अन्य संस्थाले सरकारबाट अनुमति लिएर आफ्नो कामको प्रकृति अनुसारको प्रयोजनका लागि हदबन्दीभन्दा बढी जग्गा राख्न पाउने व्यवस्था पनि भूमिसम्बन्धी ऐनले दिएको छ ।

हालसम्मको कानुनी व्यवस्था अनुसार हदबन्दीभन्दा बढी जग्गा राखेकाहरुले त्यस्तो जग्गा बिक्री वितरण वा सट्टापट्टा गर्न पाउँदैनन् । तर प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट मस्यौदा भएको 'लगानी सहजीकरण गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०' मा हदबन्दीभन्दा बढी जग्गा राखेकाहरुलाई जग्गा धितो राखेर ऋण लिन पाउने व्यवस्था समावेश गरिएको छ ।

यो विधेयकमार्फत सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५, औद्योगिक व्यवसाय ऐन २०७६, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, भूमि सम्बन्धी ऐन २०२१, जग्गा प्राप्ति ऐन २०३४, वातावरण संरक्षण ऐन २०७६, विद्युतीय कारोबार ऐन २०६३ र नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन संशोधन गर्न लागेको छ । हाल विधेयकको मस्यौदा रायका लागि अर्थ, भूमि व्यवस्था र उद्योग मन्त्रालयमा पठाइएको छ ।

भूमि व्यवस्थामन्त्री रञ्जिता चौधरी, सचिव गोकर्णमणि दवाडीसहित उद्योगमन्त्री रमेश रिजाल र उद्योग सचिव मुकुन्दप्रसाद निरौलाले नै हदबन्दी खुकुलो बनाउने वातावरण तयार पार्न जिम्मा लिएको स्रोतको दाबी छ । यसमा सम्बन्धित मन्त्रालय, प्रधानमन्त्री कार्यालय र लगानी बोर्डका उच्च अधिकारहरू पनि सहमत भइसकेका छन् ।

हदबन्दीभन्दा बढीको जग्गा धितो राखेर ऋण लिन पाउने व्यवस्था गर्दा ती जग्गाहरु ढिलो छिटो व्यक्तिको नाममा जाने र जुन प्रयोजनका लागि हदबन्दी भन्दा बढी जग्गा राख्न दिइएको हो त्यसको उद्देश्य पूरा नहुने जग्गा मामिलाका जानकारहरु बताउँछन् ।

भूमि व्यवस्था मन्त्रालयमा काम गरेका पूर्वसचिव गोपीनाथ मैनालीका अनुसार उद्योग प्रतिष्ठान, कम्पनी वा आयोजनालाई जग्गाका कारणले लगानी गर्न समस्या नहोस् भनेर हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिइएको हो । तर सो जग्गा तोकिएको प्रयोजनबाहेक अन्यमा उपयोग गर्न र स्वामित्व फेर्न नपाइने हालसम्मको कानुनी व्यवस्था छ । हदबन्दी भन्दा बढीको जग्गा अरु कसैलाई लिज वा भाडामा दिन पनि पाइँदैन ।

यस्तो व्यवस्था हुँदाहुँदै घुमाउरो तरिकाबाट व्यवसायीलाई जग्गा बिक्रीको अनुमति दिन खोजिएको छ । प्रस्तावअनुसार नै ऐनहरु संशोधन भए उद्योग प्रतिष्ठान, कम्पनी र शिक्षण संस्थाले सरकारी सुविधाबाट प्रयोग गरी हदबन्दी भन्दा बढी राखेको जग्गा धितो राखेर बैंकबाट ऋण लिन पाउनेछन् ।

औद्योगिक व्यवसाय ऐन-२०७६ को दफा ३२ को उपदफा ६ मा प्रचलित कानून बमोजिम हदबन्दी भन्दा बढी जग्गा राख्न अनुमतिप्राप्त उद्योगले त्यसरी हदबन्दीभन्दा बढी राखेको जग्गा बिक्री वितरण गर्न वा कुनै प्रकारले हक हस्तान्तरण गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन नपाउने व्यवस्था छ ।

तर, प्रस्तावित विधेयकको मस्यौदामा यसलाई संशोधन गरेर उद्योगले तोकिएको शर्तको अधीनमा रहेर हदबन्दीभन्दा बढी रहेको जग्गाको ५० प्रतिशतसम्म धितो राखेर ऋण लिन पाउने व्यवस्था राखिएको छ ।

हदबन्दीभन्दा बढी जग्गा राखेका उद्योगले जग्गा प्रयोग गरेर लगानी जुटाउन नपाउँदा ती जग्गा अनुत्पादक भएको तर्क गरेर लगानी प्रवर्द्धन हेतुले यस्तो प्रस्ताव गरिएको उद्योग मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

यसअनुसार नै कानुन बने हदबन्दीभन्दा बढी जग्गा राखेका उद्योग प्रतिष्ठान, कम्पनी र शिक्षण संस्थाले हदबन्दी भन्दा बढी परिमाणको जग्गाको आधा भाग बैंकमा धितो राखेर ऋण लिन पाउनेछन् । तर, यस्तो ऋण नतिरेमा उद्योगीबाट त्यसको भरपाई कसरी गर्ने भन्ने व्यवस्था कानुनमा छैन । अर्थात् हदबन्दीभन्दा बढीको जग्गा धितो बनाएर ऋण लिएपछि नतिरेमा जग्गा लिलामी प्रक्रियामा जानेछ । यसरी लिलाम हुँदा कुनै व्यक्तिले कबोल गरेको रकम तिरेर आफ्नो नाममा गर्न सक्नेछ ।

पूर्वसचिव गोपीनाथ मैनाली हदबन्दीभन्दा बढीको जग्गा धितो राखेर ऋण लिन दिएमा भविष्यमा त्यस्ता जग्गाको स्वामित्व हस्तान्तरण हुने बताउँछन् । 'प्रयोजन फेर्दा स्वत: सरकारको हुने जग्गा बैंकमा धितो राख्न दिनु नै उचित हुँदैन, कानुनले दिँदैन', उनले भने, 'लगानी जुटाउने नाममा यस्तो कानुन बनाइयो भने भविष्यमा हदबन्दीभन्दा बढी जग्गा राख्ने र दुरुपयोग गर्ने ठूला विकृतिहरु जन्मिन्छन् ।'

विधेयकको मस्यौदामा धितो राखिने यस्तो जग्गा बैंकले लिलाम सकारे पनि अरुलाई बेच्नैपर्ने बाध्यात्मक व्यवस्था प्रस्ताव गरेको छ । भूमि सम्बन्धी ऐनमा बैंक तथा वित्तीय संस्थाले जग्गा लिलामी आफैं सकारेको खण्डमा २ वर्षभित्र बिक्री गर्नुपर्ने र नभए त्यसपछि सरकारको अनुमति लिनुपर्ने व्यवस्था थप्न प्रस्ताव गरिएको छ ।

उद्योग प्रतिष्ठान, कम्पनी वा शिक्षण संस्थाले राखेको हदबन्दी भन्दा बढीको जग्गाको आधा हिस्सा बैंकमा राखेर नियमित किस्ता नतिरेमा सो जग्गा बैंकले लिलामीमा लैजानुपर्छ । विज्ञहरु यसलाई हदबन्दीभन्दा बढी जग्गा राखेका उद्योग, प्रतिष्ठान, कम्पनी तथा शिक्षण संस्थाको जग्गा लिलामी गराउने भूमाफियाको प्रपञ्च भन्छन् ।

'अरु प्रयोजनका लागि छुनै नपाइने हदबन्दीभन्दा बढीको जग्गा बैंकमा राखेर ऋण लिएपछि नतिर्दा उल्टै तुरुन्तै लिलामी चढ्ने भयो', एक पूर्वसचिव भन्छन्, 'ऋण लिएर नतिरेपछि हदबन्दीभन्दा बढीको जग्गा केही समयभित्रै भूमाफियाकै कब्जामा पुग्ने भयो, किनभने सामान्य व्यक्तिहरुले ठूलो परिमाणको जग्गा किन्न वा लिलाम सकार्न सक्दैनन् ।'

प्रयोजन विपरीत प्रयोग गर्दा सरकारी स्वामित्वमा जानुपर्ने जग्गा धितो राखेर व्यवसायीले ऋण उपयोग गर्ने र अन्तिममा त्यस्तो जग्गा भूमाफियाको हातमा पुऱ्याउन खोजिएको उनको विश्लेषण छ ।

प्रस्तावित विधेयकमा भूमि सम्बन्धी ऐनमा कुनै उद्योग प्रतिष्ठानले हदबन्दीभन्दा बढी जग्गा प्रयोग गरिरहेको भए एक वर्षको अवधि तोकेर घोषणासहित औचित्य पुष्टि गर्न समय दिन प्रस्ताव गरिएको छ । यसले कतिपय उद्योगहरुले हदबन्दीभन्दा बढी लुकाएर राखेका जग्गा घोषणा गरेर बैंकबाट ऋण लिन पाउने अवस्था बन्ने देखिएको छ ।

यस्तै भूमिसम्बन्धी ऐनको दफा १२ (ग) मा हदबन्दीभन्दा बढी जग्गा राखने सरकारी उद्योग र संस्थानहरुले एक पटकको लागि जग्गा बिक्री गर्न पाउने नयाँ व्यवस्था गर्न प्रस्ताव गरिएको छ । यस्तो व्यवस्थाले सरकारी उद्योगले थप लगानीका लागि पूँजी जुटाउन सघाउने सरकारी अधिकारीहरुको दाबी छ ।

तर, यो व्यवस्थाले विभिन्न शहर तथा राजमार्ग आसपासमा रहेका उद्योग र संस्थानको जग्गा बिक्रीका लागि बाटो खुल्ने र भूमाफियाले यस्ता जग्गा हात पार्न सक्ने पूर्व प्रशासकहरुको दाबी छ ।

पूर्वसचिव तथा विघटित सार्वजनिक संस्थान निर्देशन बोर्डका पूर्वअध्यक्ष विमल वाग्ले सल्टाउनुपर्ने निश्चित केस हेरेर सीमति व्यक्ति, उद्योग तथा संस्थालाई लाभ दिन कानुन संशोधन गर्न खोजिएको हुन सक्ने बताउँछन् ।

'अहिले हदबन्दीभन्दा बढी जग्गा राखेका उद्योगहरुलाई जग्गा धितो राखेर ऋण दिँदैमा लगानी बढ्छ भन्ने कसरी सुनिश्चित हुन्छ ?' उनले भने, 'हदबन्दीभन्दा बढीको जग्गा प्रयोजन विपरीत उपयोग भयो भने सरकारको नाममा आउँछ, त्यस्तो जग्गा बेच्न नपाइने भएकाले बैंकबाट ऋण लिएर सरकारको हुन नदिने गरी प्रस्ताव भएको देखिन्छ ।'

हदबन्दी भन्दा बढीको जग्गा बिक्री गर्न कानुनी बाटो खोल्नु सरकारको भन्दा बिचौलियाको फाइदाका लागि हुनसक्ने उनको भनाइ छ । 'हाम्रोमा जग्गाको हदबन्दीले लगानी रोकेको हैन, नजिकै देखिएका अनेकन समस्या नहेरेर उद्योगकै जग्गासम्म आँखा पुऱ्याउनुले राम्रो संकेत गर्दैन', उनले भने ।

पूर्व प्रशासकहरुका अनुसार २०५१ सालमा सरकारी स्वामित्वको हरिसिद्धि इँटा टायल कारखाना निजीकरण भएपछि उद्योगीहरू जीतबहादुर र लक्ष्मीबहादुर श्रेष्ठले उद्योगको जग्गा धितोमा राखेर विभिन्न बैंकहरुबाट ऋण लिएका थिए ।

उनीहरुले ऋण नतिरेपछि नेपाल बंगलादेश बैंक र तत्कालीन नेपाल क्रेडिट एन्ड कमर्स बैंकले जग्गाको लिलामी गरेका थिए । यो घटनापछि सरकारी उद्योग निजीकरण गर्दा उद्योग चलाउने भन्दा पनि जग्गा हात पार्ने उद्देश्य राखेको खुलेको थियो । पछि सरकारले उद्योगको हदभन्दा बढीको जग्गा बैंकमा धितो राख्न रोक लगाएको थियो ।

अहिले भने हदबन्दी भन्दा बढी जग्गा राखेका उद्योग प्रतिष्ठान, शैक्षिक संस्था र मेडिकल कलेजहरु अहिले त्यो जग्गा बिक्री गर्न चाहन्छन्, तर सहज कानुनी व्यवस्था नभएकाले उनीहरुले त्यसका लागि लबिङ गरेका छन् ।

उपत्यकामा नयाँ मेडिकल कलेज सञ्चालनको बाटो बन्द भएपछि एकीकृत समाजवादीका नेता तथा प्रतिनिधिसभा सदस्य राजेन्द्र पाण्डेसहितको समूहले सञ्चालन गरेको मनमोहन मेडिकल कलेजले चन्द्रागिरि नगरपालिकामा किनेको ६१ रोपनी जग्गा बिक्री गर्न वा बैंकमा कितो राखेर ऋण लिन चाहेको छ । यसबाहेक अन्य मेडिकल प्रस्तावित कलेज र इच्छुक अस्पतालले पनि हदबन्दी भन्दा बढी जग्गा राखेका कारण बिक्री गर्न पाउनुपर्ने लबिङमा छ ।

यस्तै रौतहटको श्रीराम सुगर मिल र पूर्वी नेपालका कतिपय चिया बगानका सञ्चालकहरु पनि हदबन्दी भन्दा बढीको जग्गा बैंकमा धितो राख्न पाउनुपर्ने पक्षमा छन् । हदबन्दीभन्दा बढीको जग्गा अनुत्पादक भएको र त्यसलाई धितोमा राखेर ऋण लिए उद्योग व्यवसायमा लगानी बढाउन सकिने उनीहरुको तर्क छ ।

आर्थिक वर्ष २०७९/८० मा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले बजेट वक्तव्यमा उद्योग व्यवसाय वा प्रतिष्ठानको नाममा रहेको हदबन्दीभन्दा बढी जग्गा धितो राखी कर्जा लिन, व्यवसाय टाट उल्टेमा बिक्री गरी सरकारी राजस्व तिर्न र बैंक तथा वित्तीय संस्थाको कर्जा भुक्तानी गर्न पाउने व्यवस्था गर्ने घोषणा गरेका थिए । तर, बजेटमा लेखिए अनुसार कानुन नबन्दा यो व्यवस्था कार्यान्वयनमा गएन ।

झापा बिर्तामोडको गिरीबन्धु टी इस्टेटलाई तत्कालीन केपी शर्मा ओली सरकारले १३ वैशाख २०७८ मा हदबन्दी भन्दा बढीको जग्गा सट्टा भर्ना दिने निर्णय गरेको थियो । तर गत १४ माघमा सर्वोच्च अदालतको संवैधानिक इजलासले उक्त निर्णय बदर गरि दिएको थियो ।

'विवादित निर्णय भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२(ग) लगायतका कानुनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले उक्त निर्णय र सो बमोजिम भए गरिएका काम कारबाही समेत बदर हुने ठहर्छ', फैसलामा भनिएको छ ।

जानकार स्रोतका अनुसार सर्वोच्चको यो फैसलापछि नै हदबन्दी भन्दा बढीको जग्गा बिक्री गर्न कानुनी बाटो नै खोल्ने गृहकार्य सुरु भएको हो ।

तर, उद्योग र भूमि व्यवस्था मन्त्रालयका अधिकारीहरु ऐनहरु संशोधनको प्रक्रिया अघि बढेको तर त्यसको विषयवस्तुबारे आफूहरुलाई जानकारी नभएको जवाफ दिन्छन् । उनीहरु यसबारे औपचारिक प्रतिक्रिया दिन मान्दैनन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार हाल १६७ कम्पनी तथा संस्थाले हदबन्दी भन्दा बढी जग्गा राखेका छन् ।


यस्तो जग्गा पहाडमा ७६ हजार ७६६ रोपनी छ भने तराईमा ८ हजार ४२९ बिघा (करिब १ लाख १२ हजार २०० रोपनी) छ । दुवै जोड्दा हदबन्दी नाघेको जग्गा करिब १ लाख ९० हजार रोपनी विभिन्न कम्पनीहरूको स्वामित्वमा छ ।

पूर्वसचिव गोपीनाथ मैनाली हदबन्दीभन्दा बढीको जग्गालाई बैंकमा धितो राख्न दिए उद्योग प्रतिष्ठान, शैक्षिक संस्था आदिले धेरै जग्गा जम्मा गरेर राख्ने र बैंकबाट मनपरी ऋण लिन सक्ने बताउँछन् ।

'हदबन्दीभन्दा बढीको जग्गा बैंकिङ प्रयोजनमा प्रयोग गर्न दिने हो भने हाम्रो बचेका थोरै जग्गा पनि सीमित समूहको कब्जामा पुग्छन्', उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

## 'जात्रा'को साख बचाउनुपर्ने चुनौती बोकेको 'महाजात्रा'




काठमाडौं/नेपाली फिल्म क्षेत्रमा केही कुराको होडबाजी छ भने त्यो सिक्वेल निर्माणको हो । एउटा फिल्म चलेपछि त्यसलाई दुहुनो गाई बनाएर बेच्ने चलन छ । सिक्वेल आफैंमा 'खाली चेक' मानिन्छ । यसैले पनि मेकरहरु सिक्वेलमै बढी जोड दिइरहेका हुन्छन् । तर, नेपालमा कथाको मागले भन्दा पनि नामको लोभमा सिक्वेल बनिरहेका छन् । यसले गर्दा सिक्वेल फिल्मप्रति दर्शकको मोह भंग भैरहेको छ ।

यद्यपि, 'जात्रा'को श्रृंखलाले भने आफ्नो साख गुम्न दिएको छैन । दोस्रो श्रृंखला (जात्रै जात्रा)लाई कथाकै निरन्तरताको रुपमा निर्माण गरिएको थियो । फिल्म सफल पनि भयो । तथापि, 'जात्रा' जत्ति बलियो सिक्वेल बन्न नसकेको आलोचना निर्देशक प्रदीप भट्टराईले खेप्नुपरेको थियो । तर, अरु सिक्वेल फिल्ममा जस्तो 'जात्रै जात्रा'माथि उत्तिधेरै प्रश्न उठेनन् । किनकि, फिल्म आफ्नो लयमा थियो ।

'जात्रा' श्रृंखलाको विशेषता भनेकै 'सिचुएशनल कमेडी' हो । संवाद, हाउभाउ र हुलियाबाट मात्र हँसाउने चेष्टा गरिएको हुँदैन । बरु परिस्थिति र प्रवृत्तिले स्वभाविक रुपमा हाँसो पैदा गर्छ । यसैले पनि 'जात्रा' श्रृंखलाप्रति दर्शकको विश्वास कायम छ । अब यसको तेस्रो सिक्वेल 'महाजात्रा' आगामी चैत ९ गतेबाट प्रदर्शन हुँदैछ । यसलाई ठूलो चुनौती भनेकै 'जात्रा'ले बनाएको साख जोगाउनु हो ।

विपिन कार्की, वर्षा राउत, रविन्द्र झा र रविन्द्र सिंह बानियाँ 'जात्रा' श्रृंखलाका मेरुदण्ड हुन् । 'जात्रै जात्रा'मा भने अभिनेता दयाहाङ राई थपिएका थिए । 'महाजात्रा'मा अभिनेता हरिवंश आचार्य भित्रिएका छन् । जसले गर्दा फिल्मको घटनाक्रम थप रोचक बनेको हुनसक्ने देखिन्छ । एकातिर ब्राण्ड नाम र अर्कोतिर कलाकारको लाइनअपले फिल्मको व्यापार बलियो हुने आँकलन गरिएको छ ।

निर्देशक प्रदीप भट्टराईले कमाएको विश्वास पनि 'महाजात्रा' चल्ने एउटा ठूलो आधार हो । 'जात्रा' श्रृंखला होस् वा 'महापुरुष', उनले दर्शकलाई निराश बनाएका छैनन् । कथावाचनमा पनि उनको परिपक्वता देखिन्छ । जसले गर्दा दर्शकको एउटा ठूलो वर्ग उनको फिल्मको प्रतिक्षामा रहने गरेको छ । त्यो विश्वासलाई 'महाजात्रा'बाट पनि कायम राख्नुपर्ने चुनौतीको भारी निर्देशक भट्टराईमा छ ।

## 'अगस्त्य'को चरित्रलाई बाहुबली मान्छन् प्रमोद



काठमाडौं/कुनै पनि फिल्ममा हिरो बलियो हुन भिलेन बलियो हुनुपर्छ भन्ने सर्वमान्य मान्यता हो । तर, अक्सर नेपाली फिल्म यही चुक्ने गर्छन् । हिरोलाई बलियो देखाउने चक्करमा नकारात्मक चरित्रलाई भने नजरअन्दाज गरिन्छ । तर, यही शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म 'अगस्त्य'को ट्रेलर हेर्दा हिरो र भिलेन दुवै सशक्त लाग्छन् । यो फिल्ममा भिलेनको भूमिकामा छन्, प्रमोद अग्रहरी ।

ट्रेलरमा उनको लुक्स र 'भ्वाइस ओभर'ले धेरैको ध्यान खिचेको छ । 'म आज स्वयम्, म अन्त्य स्वयम्' भन्ने संवादमा उनको 'भ्वाइस ओभर'ले ट्रेलरलाई नै जुरुक्क उठाएको छ । 'त्रिपाठी'को भूमिकामा रहेका प्रमोद आफ्नो चरित्रलाई बाहुबलीको रुपमा परिभाषित गर्छन् । उनी भन्छन्, 'सबै कुरा उसकै अन्डरमा छ । उसको आफ्नै सञ्जाल छ र उसको अनुमतिबिना समाजमा केही पनि हुँदैन ।'

उनलाई आफूले गरेका क्यारेक्टरहरु प्राय: दमदार नै लाग्छ । 'अगस्त्य'मा पनि उनलाई यही महसुस भएको छ । उनको बुझाइमा चरित्र निर्माण भनेको बच्चा जन्माउनु जस्तै कठीन हो । 'त्रिपाठी' चरित्रको निर्माण प्रक्रिया पनि कठीन रहेको उनको अनुभव छ । पहिर नदेखि संवादसम्म आफूले तयारी गरेको उनी बताउँछन् । उनी जुनसुकै चरित्रका लागि मानसिक तयारी महत्त्वपूर्ण मान्छन् ।

'शारीरिकभन्दा पनि चरित्रको विचार र भावनाको तयारी ठूलो कुरा हो । सबैभन्दा 'पावर फूल' त त्यो चरित्रको आन्तरिक रुपमा के चलिरहेको छ भन्ने हो । चरित्र निर्माणका लागि त्यो महत्वपूर्ण हुन्छ,' उनी अगाडि भन्छन्, 'आँखाले देखेका कुरालाई कसरी प्रस्तुत गर्ने भन्ने अर्को चुनौतीपूर्ण पक्ष हो ।' 'अगस्त्य'मा आफ्नो चरित्रलाई दर्शकले आत्मसात् गर्न सक्छन् भन्नेमा प्रमोद विश्वस्त देखिन्छन् ।

उनलाई फिल्मको भिलेन समाजका लागि नकारात्मक भए पनि आफ्नो लागि ऊ हिरो हो भन्ने लाग्छ । 'उसले गरेको क्रियाकलापले कसैलाई असर पर्दा ऊ भिलेन हुन्छ । तर, मैले गरिरहेको कुरा मेरो लागि राम्रै हुन्छ नि ! मेरो क्यारेक्टर समाजका लागि पोजेटिभ छ या नेगेटिभ छ भन्ने दर्शकको हेराईमा भरपर्छ । 'अगस्त्य' हेरेर निस्कँदै गर्दा दर्शकले यो कुरा पक्कै सम्झनुहुन्छ', उनी भन्छन् ।

प्रमोद परासी जिल्लाका हुन् । अर्थात् उनले मधेशको प्रतिनिधित्व गर्छन् । 'अगस्त्य'ले पनि त्यही भूगोलको कथा भनेको छ । उनले फिल्मले उठाएको कथा आफूले धेरै ठाउँमा देखेको बताउँछन् । 'यस्तो कथा मैले आफ्नै ठाउँमा नभए पनि भारतमा बढी देखेको छु । मैले देखेको क्यारेक्टरलाई नै फिल्ममा उतार्ने कोसिस गरेको हुँ । पहिरन र लुक्स उनीहरुबाटै लिएको हुँ,' प्रमोद सुनाउँछन् ।

## यामीको 'आर्टिकल ३७०' ५ दिनमै सुपरहिट

एजेन्सी, काठमाडौं/फिल्ममा स्टारडमभन्दा महत्त्वपूर्ण 'कन्टेन्ट' हो । स्टारडमको क्षमता दुई दिनको हुन्छ तर 'कन्टेन्ट'ले लामो समय बक्स अफिसमा आफ्नो पकड बनाइराख्छ । यतिबेला बलिउड फिल्म 'आर्टिकल ३७०'ले यो कुरालाई प्रमाणित गरेको छ । फिल्म न ठूलो बजेटमा बनेको हो न स्टार कलाकार छन् । तर, कन्टेन्ट नै 'स्टार' सावित हुँदा फिल्मले बक्स अफिसमा 'सरप्राइज' व्यापार गरिरहेको छ ।

बलियो 'वर्ड अफ माउथ' पाएको फिल्मले ५ दिनमा ३२ करोडको आँकडा नघाइसकेको छ । पहिलो हप्तामा फिल्मले ४० करोड हाराहारी कमाई गर्ने प्रक्षेपण ट्रेड एनालिस्टहरुको छ । फिल्मको विकेन्ड सानदार भएको थियो । ६ करोड १२ लाखको ओपनिङ गरेको फिल्मले दोस्रो दिन ९ करोड ८ लाख र तेस्रो दिन १० करोड २५ लाख गरी तीन दिनमा २५ करोड ४५ लाख जोडेको थियो ।

२० करोडमा निर्माण भएको फिल्मले 'सुपरहिट'को ट्याग पाइसकेको छ । फिल्मको व्यापार बलियो हुनुमा सत्तारुढ भारतीय जनता पार्टीको समर्थन महत्त्वपूर्ण मानिएको छ । नरेन्द्र मोदी नेतृत्वको सरकारले जम्मू कश्मीरबाट अनुच्छेद ३७० हटाएको थियो । यसैमा आधारित भएर फिल्म बनेको हो । र, भाजपाका शीर्षस्थ नेताहरुले नै फिल्मलाई समर्थन गर्दा व्यापारमा फाइदा पुगेको देखिन्छ ।

फिल्ममा यामी गौतमको मुख्य भूमिका छ । उनको अभिनय अहिलेसम्मकै उत्कृष्ट रहेको भन्दै प्रशंसा भइरहेको छ । त्यस्तै, अरुण गोविलले प्रधानमन्त्री नरेन्द्र मोदीको भूमिका निर्वाह गरेका छन् । उनको अभिनय पनि रुचाइएको छ । प्रियामणि, वैभव तत्ववादी, किरण करमाकर, राज जुत्शी, दिव्या सेठ लगायतको पनि फिल्ममा अभिनय छ । यसलाई आदित्य जान्भलेले निर्देशन गरेका हुन् ।

### सेयर बजारका महँगा ७ कम्पनी:

## बजार घट्दा पनि मूल्य बढेको बढ्यै

काठमाडौं/बुधबार समग्र सेयर बजार घट्दा पनि सबैभन्दा महँगा ७ कम्पनीको मूल्य बढेको छ । सबैभन्दा महँगो कम्पनी युनिलिभरको मूल्य यस दिन ६ प्रतिशत अर्थात् प्रतिकित्ता २ हजार ४०१ रुपैयाँ बढ्यो । यस कम्पनीको मूल्य बुधबार प्रतिकित्ता ४१ हजार ९ सय रुपैयाँ पुगेको छ । युनिलिभरको मूल्य पुस १६ यताकै उच्च हो । बजारमा यस कम्पनीको जम्मा ९ लाख २० हजार ७०० कित्ता सेयर सूचीकृत छ ।

त्यस्तै दोस्रो महँगो कम्पनी बोटलर्स नेपाल बालाजुको मूल्य १० प्रतिशत बढेको छ । यो कम्पनीको मूल्य प्रतिकित्ता १९ हजार ६४१ रुपैयाँ पुगेको छ । कम्पनीको यो मूल्य हालसम्मकै उच्च हो । यसको कुल १९ लाख ४८ हजार ८८७ कित्ता सेयर सूचीकृत छ ।

तेस्रो महँगो कम्पनी बोटलर्स नेपाल तराईको मूल्य पनि बुधबार १० प्रतिशत नै बढेर प्रतिकित्ता १६ हजार १७७ रुपैयाँ पुगेको छ । कम्पनीको यो मूल्य ६ महिनायताकै उच्च हो । यसको कुल १२ लाख १० हजार कित्ता सेयर सूचीकृत छ । विगत केही सातादेखि नै बोटलर्स नेपालका २ कम्पनीहरुको मूल्य निरन्तर: बढिरहेको छ ।

त्यस्तै चौथो ठूलो कम्पनी राष्ट्रिय बीमा कम्पनीको मूल्य पनि बुधबार प्रतिकित्ता १० रुपैयाँ बढेर १३ हजार ७१० रुपैयाँ पुगेको छ । यस कम्पनीको मूल्य भने विगत एक साताकै उच्च हो । कम्पनीको कुल २६ लाख ६६ हजार ३६५ कित्ता सेयर सूचीकृत छ । जसमा सर्वसाधारण समूहको १२ दशमलव २५ प्रतिशत छ । बजारको पाँचौ महँगो कम्पनी हो- साल्ट ट्रेडिङ कर्पोरेसन । साल्ट ट्रेडिङ कर्पोरेसनको मूल्य बुधबार ४.९५ प्रतिशत बढेर ५ हजार ३ सय रुपैयाँ पुगेको छ । कम्पनीको मूल्य २ सातायताकै उच्च हो । यसको २७ लाख ८८ हजार ८४४ कित्ता सेयर सूचीकृत छ ।

अर्को विशाल बजार कम्पनी छैटौं महँगो कम्पनी हो । यसको मूल्य बुधबार १० प्रतिशत बढेर प्रतिकित्ता ४ हजार २६ रुपैयाँ पुगेको छ । कम्पनीको मूल्य गत पुस ११ यताकै उच्च हो । विशाल बजारको ४ लाख ९१ हजार ४०० कित्ता सेयर सूचीकृत छ ।

सातौं महँगो कम्पनी नागरिक लगानी कोषको सेयर मूल्य बुधबार २.१९ प्रतिशत अर्थात् प्रतिकित्ता ४५ रुपैयाँ बढेर २ हजार १ सय रुपैयाँ पुगेको छ । कम्पनीको मूल्य कारोबार बन्द हुँदा एक साताकै उच्च हो । कोषको ५ करोड ३१ लाख ३७ हजार ५०४ कित्ता सेयर सूचीकृत छ । जसमा सर्वसाधारण समूहको २० प्रतिशत छ ।

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संघीयताको विरोध नभएको मुख्यमन्त्री जम्कट्टेलको दावी



साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले संघीयताप्रति जनताको विरोधी धारणा आफूले नदेखेका दावी गरेका छन् । उनले सामन्ती एकात्मक राज्यसत्ताका मानिसहरु मात्र संघीयताको विरोधमा रहेको बताए ।

'संघीयताको प्रभाव हेर्न गाउँमा जानुपर्छ, विकास विरोधीले मात्र हो अनावश्यक टीकाटिप्पणी गर्ने', उनले भने 'जनमत संग्रह गर्ने हो ? संघीयताको विरोधमा छन कि सपोटमा छ भने, जनमत संग्रह गर्न सडकमा जाउँ अनि देखिन्छ ।'

हेटौंडामा बुधवार भएको न्युज २४ टेलिभिजनको सीधाकुरा मुख्यमन्त्रीसँग कार्यक्रममा मुख्यमन्त्री जम्कट्टेलले जनताले खारेज गरिसकेको राज्य सत्तासम्बन्धी तर्क मिडियाकर्मीले उठाउन खोजेको आरोप लगाए ।

सामान्य नागरिक नेतृत्व तहमा पुगेकोमा सामन्ती सोचले संघीयता पचाउन नसकेको मुख्यमन्त्री जम्कट्टेलको भनाई थियो । प्रदेश सरकारले दुधमा अनुदान रकम ५० करोड छुट्टाउने निर्णय गरेकोमा गल्तिले ५ करोड भएको उनले बताए । किसानको अनुदानको बजेट बृद्धि गर्ने निर्णय गरिसकेको र पर्सा राष्ट्रिय निकुन्ज सम्बन्धमा हिउँदे अधिवेशनबाट कानूनगत रुपमा अघि बढ्ने तयारी रहेको उनले बताए ।

कार्यक्रममा नेकपा एमालेका संसदीय दलका नेता जगन्नाथ थपलियाले बागमती प्रदेश सरकार गठवन्धनबाट चलेको कारण सेवाप्रवाहमा कमिकमजोरी रहेको आरोप लगाए ।

संघीय संरचनालाई जसरी संचालन गर्नुपर्ने थियो त्यो तौरतरिका नमिलेको उनको भनाइ थियो । प्रदेश सरकारको बजेट पक्षपाती रहेको, सरकारलाइ कसरी जनमुखी बनाउने, भौगोलिक तथा जनजाति तथा स्थानीय तहसम्म असन्तुलित भएको थपलियाले बताए ।

# मकवानपुर दुग्ध संघ आज सडकमा उत्रिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको नेतृत्वमा आज बिहीबार दुग्ध उत्पादक किसान सडकमा उत्रिने भएका छन् । आज किसानले दुईघण्टा राजमार्ग बन्द गर्ने भएका हुन् ।

सरकारी स्वामित्वको दुग्ध वितरण आयोजना र निजी क्षेत्रबाट सञ्चालित डेरी उद्योगबाट किसानले पाउनुपर्ने भुक्तानी रकम विगत ६ महिनादेखि नपाएको, दूध अनुदानमा सरकारले कटौती र किसानमाथि विभेद गरेकोलगायतका विषयमा किसान आन्दोलित हुँदैछन् । केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडको आन्दोलनलाई ऐक्यबद्धता जनाउँदै दुग्ध संघ मकवानपुरले राजमार्ग बन्द गर्न लागेको हो ।

मकवानपुरका करिव ६ हजार किसानको उपस्थितिमा फागुन १७ गते राजमार्ग बन्द गर्न लागिएको मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेलले जानकारी दिए । 'बकैया र बागमती गाउँपालिका, हेटौंडा वडा नम्वर १७ र १८ तथा मकवानपुरगढी गाउँपालिका र सुकौराका दूध किसानहरु सानोपोखरा चोकमा भेला हुनेछन् । भीमफेदी गाउँपालिका र पुरानो मकवानपुर गढी गाउँपालिका वडा नम्वर ५ र ६ का किसानहरु चौकीटोलमा, हेटौंडा १९, ३ र ११ तथा मनहरी गाउँपालिकाका किसान राप्ती पुल, मनहरी १ र हेटौंडा १२, १३, १४ र १५, ७ र ८ का किसानहरु कर्रा पुलमा भेला हुन्छन', उनले भने ।

र्‍याली राप्ती रोड, जिल्ला प्रहरी कार्यालय, बसपार्क, राम मन्दिर, मेनरोड, उद्योग वाणिज्य संघबाट चौकीटोल ओरालो सहकारी मन्त्रालयसम्म पुगेर कोणसभामा परिणत हुने जनाइएको छ । सडकमा किसानहरु हिँडेर करिब २ घण्टा राजमार्ग अवरुद्ध हुने उनले बताए । मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघले सूचना जारी गर्दै ब्यानर, प्लेकार्डसहित दुध किसानहरु र्‍यालीमा उपस्थित जनाउन आग्रह गरेको छ ।

# नवनिर्मित दुईवटा प्रहरी भवनको उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ बागमती प्रदेश सरकारको सहयोगमा हेटौंडामा नवनिर्मित दुईवटा प्रहरी भवनको उद्घाटन गरिएको छ । आन्तरिक मामिला तथा योजना मन्त्रालयमार्फत् निर्माण गरिएको बागमती प्रदेश विपत् व्यवस्थापन गुल्म हेटौंडा र वडा प्रहरी कार्यालय हेटौंडाको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बुधबार उद्घाटन गरेका हुन् ।

प्रहरी भवनको उद्घाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले प्रहरी सेवालाई छिटो छरितो र प्रभावकारी बनाउन प्रविधिको प्रयोग आवश्यक भएको बताए । उनले हाल बदलिँदो समयअनुसार समाजमा हुने घटनाको अनुसन्धान लगायतका कार्यमा मानवीयशक्ति मात्रले पर्याप्त नहुने भन्दै नयाँ-नयाँ प्रविधिको प्रयोग गुणस्तरीय सेवा दिनुपर्ने बताए । आफू आन्तरिक मामिला तथा कानुनमन्त्री हुँदा प्रहरी कार्यालयको भ्रमणको क्रममा प्रहरी कठिन अवस्थामा बसेको देखेपछि प्रहरी भवन बनाउन बजेट व्यवस्था गर्न सुरु गरिएको हो', मुख्यमन्त्री जम्कट्टेलले भने, 'समस्याबीच प्रहरी भवन निर्माण भएको छ । प्रहरी भवन निर्माणको काम प्रदेश सरकारको देखिने काम बनेको छ ।'

प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगा नारायण श्रेष्ठले नेपाल प्रहरीले जीर्ण र आधारभूत सुविधा नभएका भवनबाट सेवा दिँदा त्यो सेवा राम्रा नहुने बताउँदै नागरिक्लाई गुणस्तरीय सेवा प्रदान गर्न प्रदेशले प्रहरीका लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गरेको बताए । उनले प्रहरीलाई नागरिकको साथीको रुपमा सेवा प्रदान गर्न आग्रह गर्दै सेवा प्रवाहमा सकारात्मक विभेद आवश्यक भएको बताए ।

कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव ध्रुव गैंडा, बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायवमहानिरीक्षक विष्णुकुमार केसी र प्रहरी उपरीक्षक इन्जिनियर ईश्वर थापाले नवनिर्मित भवनका बारेमा जानकारी गराएका थिए । हेटौंडा-४ मा नवनिर्मित वडा प्रहरी कार्यालय तीन करोड ९० लाख ३१ हजार ३३८ रुपैयाँको लागतमा र हेटौंडा-११ स्थित बागमती प्रदेश विपत् व्यवस्थापन गुल्म तीन करोड २८ लाख १२ हजार ५८ रुपैयाँको लागतमा निर्माण गरिएको हो ।

# बिजुलीको पोलले लागेर वडासदस्यको मृत्युपछि बकैयामा शोकविदा



हेटौंडा, १६ फागुन/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बकैया गाउँपालिकाले वडासदस्यको निधनमा शोकविदा दिने निर्णय गरेको छ । बकैया-७ का वडासदस्य रामकुमार तितुङको बुधबार निधन भएपछि आज बिहीवार शोकविदा दिने निर्णय भएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठद्वारा जारी सूचनामा गाउँपालिकाको सम्पूर्ण सरकारी कार्यालय, शिक्षण संस्थामा बिहीवार शोकविदा दिइएको उल्लेख छ । बिजुलीको पोलले लागेर वडासदस्य तितुङको उपचारको क्रममा निधन भएको थियो । तितुङको बिजुली बिस्तारका लागि गाडिएको पोल ढलेर लागेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार दिउँसो बिजुलीको पोल ढलेर किच्दा टाउकोमा चोट लागि गम्भिर घाइते भएका तितुङको हेटौंडामा उपचार हुन नसकेपछि भरतपुर लगिएको थियो । उनको उपचारको क्रममा बुधबार बिहान भरतपुरस्थित चितवन मेडिकल कलेजमा निधन भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

# आफन्तको घरमा गोली हान्ने पौडेलसहित ३ जना कारागार चलान




साझाकुरा संवाददाता

हेटौंडा, १६ फागुन/ हेटौंडा उपमहानगरपालिका-९, स्थित सूर्यप्रसाद पौडेलको घरमा गोली प्रहार गरेर फिरौती रकम मागेको घटनाका आरोपित ३ जनालाई पुर्पक्षका लागि भीमफेदी कारागार चलान गरिएको छ ।

आरोपित ३३ वर्षीय निश्चल पौडेल, ३५ वर्षीय गणेश घले र ३० वर्षीय प्रितम क्षेत्रीलाई मकवानपुर जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो । आरोपित निश्चल सूर्यप्रसादका आफ्नै भतिजा हुन् । प्रहरीले निश्चलकै योजनामा गोली प्रहार गरेर रकम मागेको दाबी गरेको छ । गत मंसिर १९ गते राती गोली प्रहार गरी २० गते फिरौती माग्ने ३ जनालाई पक्राउ गरी ९० दिनसम्म अनुसन्धान गरेर अदालत पेश गरेको थियो । मंगलबार जिल्ला अदालतकी न्यायाधीश मनकुमारी जिएमविकको इजलाशले अभियुक्तहरुलाई पुर्पक्षका लागि भीमफेदी कारागार चलानको आदेश दिएको हो ।

अभियुक्तमाथि सूर्य प्रसादसँग एक करोड रुपैयाँ माग गरेको प्रहरीको दाबी छ । प्रहरीले निश्चलको साथबाट स्वचालित पेस्तोलसहित १९ थान गोली बरामद गरेको जनाएको छ । हेटौंडा-९ मा घर भएपनि हेटौंडा-४ मा पौडेल डेरा लिएर बस्ने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको थियो ।

अभियुक्तको साथबाट प्रहरीले २ वटा मोटरसाइकल, २ ग्राम चार सय मिलिग्राम खैरो हिरोइन, लागुऔषध तौल गर्ने तराजु, ५ थान मोबाइल र ५० हजार रुपैयाँ नगद बरामद गरेको थियो । उनीहरुलाई प्रहरीले ज्यान मार्ने उद्योग, लागुऔषध र हात हतियारसम्बन्धी मुद्दा चलाएको छ ।


## मोटरसाइकल हरायो

मिति २०८० साल फागुन ५ गते हेटौंडा-१८ गुम्बाडाँडामा पार्किङ्ग गरि राखेको अवस्थाबाट साँझ अन्दाजी ५:३० बजेको समयमा बिचमा मेरो निम्न व्यहोराको मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०२-०३९ प ५१६५
**मोटरसाइकल धनीको नाम:** अमिर पोखरेल, हेटौंडा-६, मकवानपुर
**मोटसाइकलको ब्राण्ड (नाम):** बजाज पल्सर, १२५ सीसी
**मोटरसाइकलको रंग:** कालो सिल्भर
**चेचिस नम्बर:** MD2B64BX6NPL06377
**इञ्जिन नम्बर:** DHXRNL85387
**सम्पर्क फोन नम्बर:** ९८५५०६७३३७

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रदेश दुग्ध विकास बोर्ड**
हेटौंडा, नेपाल

## प्रस्ताव आव्हानको सूचना !

*दोस्रो पटक प्रकाशित मिति:- २०८०/११/१७*
*(सूचना नं. ८)*

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रविधिमैत्री दुग्ध सहकारी कार्यक्रम" कार्यान्वयनको लागि मिति २०८०/०८/०६ गते प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त प्रस्ताव नपरेको हुँदा सहभागी हुन ईच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित भएको ७छ दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस बोर्ड वा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रस्ताव दर्ता गर्नु हुन सुचित गरिन्छ । साथै रित नपुगी दर्ता भएका र वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

**पेश गर्नुपर्ने कागजातहरूको विवरण:**
१. रू १०।- को हुलाक टिकट टाँस गरी अनुसुचि-२ बमोजिमको निवेदन
२. संम्बन्धित कार्यविधि बमोजिमको प्रस्ताव र प्रतिबद्धता पत्र,
३. संस्था दर्ता तथा नवीकरणको प्रमाण पत्रको प्रतिलिपि
४. आवेदकको प्यान, भ्याट प्रमाण पत्र र करचुक्ताको प्रतिलिपि,
५. संस्थाको हकमा निर्णयको प्रतिलिपि,
६. स्थानीय तह वा वडाको सिफारिस पत्र
७. आवेदन प्रकृयाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
८. आवश्यक अन्य कागजात (कार्यक्रम कार्यान्वयन/मूल्याङ्कन सम्बन्धि बोर्डले तोके बमोजिम)
९. संरचना निर्माणको हकमा डिजाइन र लागत अनुमान

**नोट:-** थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्नुछ हुन र वेभसाईट pddb.bagamati.gov,np बाट सम्बन्धित कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, मकवानपुर**

## सूचना ! सूचना ! सूचना !

यहि २०८० साल फाल्गुन १३ गते देखि १९ गते सम्म मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तहको वडाहरुमा दादुरा रुवेला खोप अभियान सञ्चालन हुँदैछ । यस अभियानमा ९ महिना देखि ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा-रूवेला रोग विरुद्धको खोप लगाइन्छ । त्यसैले आ-आफ्ना बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा-रूवेला खोप लगाउनु हुन अनुरोध छ ।

साथै यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालार्क्ष छुट भएको नियमित खोप पनि लगाइने भएकोले खोप कार्ड लिई आउनु हुन पनि अनुरोध छ । खोप अभियान सञ्चालन हुने मिति, समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वंयसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ ।

दादुरा-रुवेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्म लाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा-रूवेला खोप लगाऔं र नेपालबाट दादुरा - रुवेला रोग निवारण गरौं ।

**जिल्ला खोप समन्वय समिति, मकवानपुर**

हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






**Ready To Eat**

### हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना